# आर्थिक वर्ष २०८०/०८१ को
# नीति, कार्यक्रम तथा बजेट

**हंसपुर नगरपालिका**

**धनुषा जिल्ला**

**मधेश प्रदेश**

**२०८०**

# आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट

**सभाका आदरणीय उप प्रमुख तथा सम्पूर्ण सभा सदस्यज्यूहरु तथा अतिथी महानुभावहरु,**
हंसपुर नगरपालिकाको आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजना, योजना तर्जुमा दिगदर्शन, संघीय/प्रदेश सरकारका मार्ग दर्शन तथा प्राथमिकताहरु तथा यस नगरपालिकाको आवश्यकतालाई समेत आधार मानि कतिपय कानुनी अस्पष्टता, जटिलताका साथै सिमित श्रोत साधनका बावजुद यस नगरपालिकाबासी आमाबुवा, दाजुभाइ दिदीबहिनीहरुले व्यक्त गरेका ईच्छा, चाहनाहरु र समग्र पालिकाको आवश्यकता अनुसार यो नीति तथा कार्यक्रम तयार गरेकाछौं ।

सर्वप्रथम नेपालको सार्वभौमसत्ता, स्वाधिनता, अखण्डता, राष्ट्र हित, स्वाभिमान,संघीयता, लोकतन्त्र जनजीविकाका लागि भएका जनआन्दोलन,मधेश आन्दोलन लगायत अधिकारका लागि भएका सम्पूर्ण आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। ती आन्दोलनहरुको नेतृत्व गरी समाजको रुपान्तरणका लागि योगदान पुर्याउनु हुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छौ।सिंहदरवारको शासन व्यवस्थालाई घर घर अर्थात "गाउँ-गाउँमा सिंहदरवार" भन्ने नारा साकार पार्नका लागि नेपालको संविधान २०७२ मा तीन तहको सरकारको अवधारणा ल्याइएको सर्वविदितै छ । जस अन्तर्गत नै हंसपुर नगरपालिकाको संरचना भएको देखिन्छ । यो नगर मधेश प्रदेशको आठ जिल्ला मध्ये धनुषा जिल्लाको अठार स्थानीय तह मध्ये एउटा स्थानीय तह हो । हंसपुर नगरपालिकामा जम्मा नौ वटा वडा छन्। जस मध्ये वडा नं. २,३,५,७ र ८ प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ धनुषामा रहेको छ भने बाँकीको वडा १,४,६ र ९ प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ धनुषामा पर्दछ । यो नगर कुल क्षेत्रफल ४८.७१ वर्ग कि.मी. मा फैलिएको छ । यस नगरको घरधुरी संख्या ७६३६, परिवार संख्या ८९५८ तथा कुल जनसंख्या ४४९४९ रहेको छ, जसमा पुरुषको जनसंख्या २१८२४ र महिलाको जनसंख्या २३११५ रहेको छ।यस नगरपालिकाको निर्वाचन कार्यालयको अध्याविधक तथ्याकं अनुसार जम्मा मतदाता नामावली संख्या २४९९०(२०७९ वैशाख)

रहेको छ। भौगोलिक समतलता रहेको यो नगरपालिकाको पश्चिममा जनकपुरधाम उपमहानगरपालिका, उत्तरमा मिथिला विहारी नगरपालिका र धनुषाधाम नगरपालिका तथा दक्षिणमा औरही गाउँपालिका,पूर्वमा सबैला नगरपालिका र शहिदनगर नगरपालिका रहेको छ ।धार्मिक र सांस्कृतिक विविधता सँगै विभिन्न जात जातिको बसोवास रहेको यस नगरपालिकामा परम्परागत भाईचारा एवं धार्मिक सहिष्णुता विधमान रहेको देखिन्छ । धार्मिक एवं पवित्र प्रतिष्ठानका रुपमा रहेका पर्यटकीय स्थलहरुमा रनूभनु थान, तपसीबाबा स्थान, संतबाबा स्थान, गौरी गंगाधाम, सोनासती भगवती स्थान, स्वामीजी राम जानकी स्थान, दुर्गा मन्दिर स्थान नरहैया तथा नवदुर्गा मन्दिर, गढीस्थान करहिया, फूलवन्ति महारानी स्थान भगवानपट्टी, बालगंगा, जमिनमाई स्थान हंसपुर लगायत अरु अन्य पवित्र एवं धार्मिक तथा ऐतिहासिक गाथा बोकेका मठमन्दिरहरुका साथै विभिन्न मस्जिदहरु पनि यहाँका पर्यटकीय स्थलका रुपमा विकसित गर्न आवश्यक कार्यहरु प्रारम्भ गरिने छ ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण पालिका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विषम परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुर्नउत्थानशिल क्रियाकलाप मार्फत अगाडि बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल, सुखी नेपालीको मूल लक्ष्य हासिल गर्नु परेको छ। यसका लागि हाम्रो हंसपुर नगरपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन हंसपुर नगरपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**नगरसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

विगतका बर्षहरुमा हासिल गरेका अनुभवका आधारमा हामीमाझ व्याप्त समस्याहरुलाई न्यूनिकरण गरी विकास र समृद्धीका लागि अझै एकजुट भएर अहोरात्र खटिनुपर्ने अवस्था छ । हामी संग प्रशस्त अवसरहरु छन। अवसर सँगै समस्या र चुनौती पनि थपिएका छन । हंसपुर नगरपालिकालाई कसरी मधेश प्रदेशकै नमुना नगरपालिका बनाउन सकिन्छ भन्ने तर्फ सम्पूर्ण हंसपुर नगरपालिका परिवार सदैव चिन्तनशील छ । गणतन्त्र, संघीयता सँगै बढेका जनताका आकांक्षा, चाहना र भावनालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् हंसपुर नगरपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफू र यस सभालाई गौरवान्वित ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण नगरपालिकाबासीहरु, निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाजका अभियन्ताहरु, ओहोरात्र खटिने कर्मचारीहरु, शिक्षक, पत्रकार, समाजसेवीहरु प्रति आभार व्यक्त गर्दछौं ।

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

हंसपुर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइने छ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिईएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय

हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**
**सडक यातायातः**

यस हंसपुर नगरपालिकामा हाल सम्म ४.९ कि.मि कालो पत्रे सडक निर्माणाधीन कार्य,२० कि.मी. पक्कि सडक सम्पन्न भएको ,माटो ग्राभेल सडक लगभग ८ कि.मि. निर्माण भएको छ । नगरपालिकाको साधनश्रोतले सबै वडामा कच्ची सडक निर्माण भै सडकको पहुँच पुगेको छ।नगरपालिकाले विभिन्न वस्ती र क्षेत्रहरूमा समेत सर्वयाममा गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ। नगरपालिकाबाट अन्य गाउँपालिका र नगरपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाई सुदृढ वनाउनका लागी पहल भएका छन।

**सिंचाइः**

- स्यालो टीयूवेल(४ इन्च) जडानको कार्य भैरहेको रहेको छ । साथै भिमावान सेक्टर सिंचाई आयोजनामा ४ ओटा वडालाई सिंचाई व्यवस्थापन हुने गरि द्रुत गतिमा निर्माण कार्य भैरहेको छ ।
- कृषि सिंचाइ तर्फ नगरपालिकाद्धारा चालु आ.ब.मा बिधुत प्राधिकरण संग गरेको सम्झौता आगामी आ.व.०८०/०८१ मा कार्यान्वयन गरिने छ । जस अनुसार नगर भरीका किसानहरुलाई अनुदान सहितको सिंचाई सुविधा प्रदान गरिनेछ ।

## सामाजिक विकास क्षेत्रमा भएका उपलब्धीहरु :

**शिक्षाः**

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ५ ओटा मा.बि.मा ४ कोठे भवन निर्माण ,१ ओटा मा.बि.मा २ कोठे भवन निर्माण भएको छ । साथै ३ ओटा विद्यालयमा सुलभ शौचालय निर्माण कार्य भएको छ । २ वटा मदर्शामा समेत भवन निर्माणाधिन रहेको छ ।
- अधिकांश विद्यालयमा कम्पाउण्डवाल निर्माण गरी विद्यालयलाई संरक्षण गर्ने कार्य गरिएको छ ।

- ३० ओटा विद्यालय मध्ये २५ ओटा विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गराई शैक्षिक सुधार गर्ने कार्य भै बिगत भन्दा विद्यार्थी भर्ना संख्या बृद्धि भएको छ ।
- शैक्षिक क्यालेण्डर जारी गरि शैक्षिक कार्यक्रममा एकरुपता तथा अनिवार्यताको व्यवस्थापन गरि विद्यालय सुधारमा थप प्रयास भएको छ ।

**स्वास्थ्यः**

- १० शैया आधारभूत अस्पतालको भवन निर्माण कार्य ६० प्रतिशत निर्माण भैसकेको भैसको छ ।
- ५ ओटा स्वास्थ्य चौकीमा डम्पीङ्ग साईट, प्लेसेन्टापीट तथा सुलभ एवं स्तरीय शौचालय निर्माण गर्न सम्झौता भै यसै आ.व.मा निर्माण सम्पन्न गर्ने तर्फ कार्य भैरहेको छ साथै आगामी दिनमा विद्यालय र स्वास्थ्य संस्थामा शौचालय निर्माण गर्ने समेत सम्झौता गर्ने नीति लिएको छ।
- मधेश प्रदेश सरकार र हंसपुर नगरपालिकाको समन्वयमा पालिका स्तरीय जनस्वाथ्य प्रयोगशाला स्थापना भै संचालित छ ।
- मधेश प्रदेश सरकारबाट हंसपुर नगरपालिकाको आयुर्वेद स्वास्थ्य संस्थाद्वारा सम्पादित प्रभाव कारी सेवा तथा कार्यक्रमको लागि आयुर्वेद क्षेत्रमा कार्य गर्ने मधेश प्रदेश कै सर्वोतकृष्ट नगरपालिकाको रुपमा घोषणा भएको छ ।

**अन्य**

कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ । विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ । युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माणका लागि पहल भएका छन ।

## आर्थिक विकासका क्षेत्रमा भएका उपलब्धीहरू

**कृषि:**

- नगरपालिकाको साधन स्रोतले सबै वडामा कृषि सडक निर्माण गर्ने कार्य भैरहेको छ ।
- कृषकलाई सिचाई गर्नका लागि ६० र ४० प्रतिशतको साझेदारीमा कृषि विद्युत प्राधिकरण गर्ने कार्यको बिधुतिकरणा र नगरपालिका बिच दुई पक्षीय सम्झौता भएको छ । जुन अगामी आ.व. ०८०/०८१ मा कार्यन्वयन हुने छ ।
- कृषि सहकारी संस्थालाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्न पहल गरिएको छ ।
- रोजगारी सृजना गर्न नगरपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ ।

## वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

- एक घर एक बिरुवा नीति अनुसार यसै वर्ष हंसपुर नगरपालिकाद्वारा बिरुवा खरिद भै वितरण गर्ने प्रकृयामा रहेको छ ।
- आपतकालिन स्वास्थ्य सेवाको लागि ख बर्गको एमबुलेन्स खरिद गर्ने सम्पूर्ण प्रक्रिया अन्तिम चरणमा छ ।
- धार्मिक तथा सांस्कृतिक रुपमा रहेको मठ मन्दिरलाई सरसफाई,रङ्गरोगन तथा जिर्णोद्धार गर्ने कार्य भएको छ ।

## सुशासन तथा संस्थागत विकासमा भएका उपलब्धीहरू

- नगरपालिकाले ऐन, नियमावली, कार्यविधि र मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याउन पहल गरेको छ ।
- यस नगरपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ४६.६ अंक प्राप्त गरेको छ ।

- अव्यवस्थित रहेको नगरपालिका कार्यालयलाई व्यवस्थित गरी नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्ने कार्य गराई कार्यालयको शाखाहरुको कार्य गर्ने वातावरण बनाएको छ । त्यस्तै वडा कार्यालयलाई समेत व्यवस्थित गराई सेवाग्राहीलाई सेवा प्रवाहमा सहजिकरण गराएको छ ।
- नगरपालिकामा बिगतमा नै खरिद भै नगरपालिका बाहिर रहेको डोजर, टीपर, ट्रैक्टरलाई खोजबिन गरि बिग्रेको लाई मर्मत सम्भार गराई संचालनमा ल्याइएको छ ।
- सबै वडामा व्यात्तिगत घटना दर्ता अनलाईन र राजस्व संकलन गर्ने कार्य अनलाईन गराइएको छ ।
- सार्वजनिक तथा ऐतिहासिक पोखरीहरुको सरसफाई एवं सौन्दर्यकरण गर्ने कार्य भैरहेको छ ।
- दशैं, दीपावली र छठ पर्वको समयमा सार्वजनिक स्थलहरुमा सरसफाई गरिएको छ ।
- जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने कार्य समेत गरिएको छ ।
- मेयर कप संचालन गरि यूवा खेलाडीको मनोवल बढाउन खेलकूद समाग्रीहरु सबै वडामा वितरण गर्ने कार्य गरिएको छ ।
- न्यायिक समितिलाई इजलास चलाउनका लागि इजलास व्यवस्थित गर्ने कार्य अगाडि बढाइएको छ ।

**नगरसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

अब, म यस नगरपालिकाको आगामी आ.व. २०८०/२०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आगामी आर्थिक वर्षको अन्त्यमा हंसपुर नगरपालिकाले देहायका विषयगत क्षेत्रमा निम्नानुसारको अपेक्षित उपलब्धी हासिल गर्न लक्ष्यका साथ आ.व. २०८०/२०८१ को नीति तथा कार्यक्रम साथ बजेट प्रस्तुत गर्दछु ।

**क) आर्थिक विकास**

**१.कृषि**

(क) निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषितर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई गुणस्तरीय उत्पादनका लागी विषादी रहित प्राङगारिक(ओर्गेनिक) बाली उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिइने छ ।

(ख)आय आर्जन कार्यक्रम सञ्चालन गर्न व्यवसायिक कृषकहरुलाई सुलभ व्याज दरमा कृषि ऋण उपलब्ध गराउन सहकारी तथा वित्तिय संस्थाहरुसँग सहकार्य गरिनेछ ।

(ग) यस नगरपालिकाको वडा न ९ को बालगंङ्गा,वडा न.५ को सुगानिकास , वडा न २ को बघचौड़ा बजार र अन्य सम्भाव्य क्षेत्रलाई सासाहिक वा निश्चित बारहरुमा सब्जी मण्डी थोक बजार, हाटबजार, तरकारी वा अन्य कृषि उत्पादन संकलन केन्द्रका रुपमा विकास गरी कृषि बजारलाई प्रवर्धन गरिने छ ।

(घ) कृषकको क्षमता अभिबृद्धि, प्राविधिक सहायता, सीप विकास र सशक्तिकरण गरिनेछ ।

(ङ) कृषि बिउबिजन, मल र औषधिहरुको आपूर्ति र व्यवसायिक कृषकहरुलाई आधुनिक औजारहरु विशेष अनुदानमा उपलब्ध गराउने नीति लिइने छ ।

(च) युवाहरुको विदेश पलायन हुने सोचलाई निरुत्साहित गर्न नमूनाको रुपमा नगरपालिका भित्र ५० जना व्यवसायिक कृषक छनौट गरी कृषि क्षेत्रका विभिन्न व्यवसाय सञ्चालन गर्न प्रत्साहित गरिने छ ।

(छ)संघीय सरकार र प्रदेश सरकारको सहकार्यमा कृषि उपज संकलन केन्द्र र चिस्यान केन्द्र स्थापना गर्न प्रयत्न गरिने छ ।

(ज)कृषि बिमाका सम्बन्धमा अभिमूखिकरण गरी कृषि बिमालाई प्रोत्साहन गरिनेछ ।
(झ)लोप हुन लागेका स्थानीय रैथाने जातका बीउ बीजनहरुको संरक्षण गरिनेछ ।
(ञ)उन्नत जातकै तरकारीको बीउ, फलफूलको बिरुवा, प्लाष्टिक टनेल, आधुनिक कृषि औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान र कृषक समूहलाई प्रोत्साहन गर्न उत्पादित वस्तुहरुको बजारीकरणमा जोड दिइने छ ।
(ट)कृषि विकासको लागि नगरपालिका भित्र **एक वडा एक नमूना नर्सरी** स्थापना गर्न सरकारी, गैर सरकारी र निजी साझेदारी नीति लिइने छ ।
(ठ)**एक घर एक करेसावारी** अवधारणालाई कार्यान्वयन गरिने छ ।

**२.सिचाँइ**

(क) कृषि उत्पादकत्व बृद्धिमा सहयोग पुर्याउन सिचाँइ नपुगेका नगर क्षेत्रलाई लक्षित गरी साना सिचाँइ आयोजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइने छ ।
(ख) नगरपालिका भित्रका परम्परागत कुलो पैनिहरुलाई मर्मत तथा संभार गरी प्रयोगमा ल्याइने छ ।
(ग)कृषि योग्य जमिनहरु तथा कृषि पकेट क्षेत्रको पहिचान गरी सो क्षेत्रमा विभिन्न परम्परागत र आधुनिक प्रविधिको माध्यमबाट खेर गएको पानीलाई उपयोग गरिनेछ ।
(घ)संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी साना सिचाईका आयोजनामा विशेष जोड दिइनेछ ।

**३. पशुपंक्षी तर्फ**

(क) यस नगरपालिकाभित्र विगतमा स्थापना भएका रामनगरा र रुदौली पशु सेवा केन्द्र संचालन व्यवस्थापन गर्न पशु प्राविधिकको व्यवस्था गरी संचालनमा ल्याइने छ ।
(ख) नगरपालिका क्षेत्रभित्र स्थानीय सम्भाव्यताका आधारमा पशुपालनलाई प्रवधर्न गरिने छ ।
(ग) कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरी दुध तथा मासु उत्पादन बृद्धि गरिने छ ।
(घ) पशु बिमा सम्बन्धमा अभिमूखिकरण गरी पशु विमा प्रति प्रोत्साहन गरिने छ ।

(ङ) पशुपालनका क्षेत्रमा पशुसेवा प्रसारका कार्यक्रम, समूह समितिहरु गठन र कार्यक्रममा आवद्धता, कृषक भ्रमण, तालिम, गोष्ठी जस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

(च) नगरपालिकाभित्रमा नमूनाको रुपमा कम्तिमा एक वडा एक कृषि तथा पशुपालन फर्म स्थापना गर्न प्रयत्नशील रहने, समूहगत रुपमा र व्यवसायिक फर्महरुलाई विभिन्न किसिमका अनुदान कार्यक्रमलाई प्रवर्धन गरिने छ ।

(छ) दुध चिस्यान केन्द्रहरुको स्थापना गरी स्थानीय कृषकहरुबाट उत्पादित दुधलाई चिस्यान केन्द्र मार्फत बजारमा सहज पहुँच पुर्याउने पहल गरिने छ ।

(ज) सहुलियत कृषि ऋणमा पहुँच पुर्याउनेछ, वित्तीय संस्थासँग समन्वय गरिने छ ।

**४.सहकारी**

(क) सहकारी तथा वित्तीय संस्थाहरुसँग सहकार्य गरी व्यवसायिक किसानहरुलाई सर्वसुलभ दरमा ऋण उपलब्ध गराउन पहल गरिने छ ।

(ख) सहकारी संस्थाहरुको संस्थागत विकासका लागी क्षामता अभिबृद्धी अनुगमन निरीक्षणलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिने छ ।

(ग) उद्यमशिलता विकासका लागि सहकारी संस्थाहरुलाई प्रवर्धन गर्न आवश्यक पहल।

(घ) महिला उद्यमीहरुको विकास गर्न महिला सहकारी संस्था प्रवर्धनमा जोड दिइने छ ।

(ङ) सहकारी संस्थाहरुको सहकार्यमा उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिइने छ ।

**५. उद्योग/बाणिज्य/आपूर्ति**

(क) नगरपालिका स्तरीय उद्योग ग्राम खोल्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्न आवश्यक पहल गरिने छ ।

(ख) लक्षित समुदायमा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(ग) उद्यमशिलता विकास एंव आयमूलक रोजगारी अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरी महिला,दलित, आदिवासी/जनजाति र पछाडि पारीएका जनसमुदायलाई लघु उद्यममा सहभागी गराइने छ ।

(घ) गुणस्तरहीन एवं म्याद नाघेका वस्तुहरुको बिक्री वितरणलाई रोक्न प्रभावकारी कदम चालिने छ । साथै हंसपुर व्यपारसंघसँग समन्वय र सहकार्य गरी हंसपुर नगरपालिकामा व्यापार व्यवसाय तर्फ अग्रसर गराई बेरोजगार न्यून गरिनेछ ।

(ङ) एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिने छ ।

**६. पर्यटन/संस्कृति**

(क) हंसपुर नगरपालिकाभित्रका सम्भाव्य पर्यटकीय क्षेत्रहरुको सांस्कृतिक जगेर्ना गर्दै भौतिक पूर्वाधारहरुको विकास एंव दिगो पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

(ख) पर्यटन प्रवर्धनमा टेवा पुरयाउने सक्ने मेला, महोत्स रयाली तथा अन्य प्रचार प्रसारका कार्यक्रमहरुको आयोजना गरिने छ ।

(ग) नगरपालिकाको केन्द्र देखि नगरभित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सकिने पर्यटन मार्गहरुको निर्माण गरिने छ ।

(घ) धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको पहिचान गरी योजना बनाई विकास गरिने छ ।

**७.वातावरण तथा विपद् व्यवस्थापन**

**१. वन**

(क) व्यवसायिक रुपमा काठ, दाउरा, निकासी तथा वनजन्य जडीबुटी वा गैर काष्ठ वन पैदावर विक्री वितरणलाई व्यवस्थित गरिने छ ।

(ख) निजी वन दर्ता गर्न प्रोत्साहन गरिने छ ।

(ग) वन, कृषि, भू. तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धित विषयहरुमा एकीकृत रुपमा योजना सञ्चालन गर्ने नीति लिइने छ ।

(घ) डिभिजन वनकार्यालय र वनस्पती अनुसान्धन केन्द्रको सहकार्य र समन्वयमा नगरपालिकाभित्रमा बृहत वृक्षारोपन गरिने छ ।

**२.वातावरण**

(क) प्राकृतिक वातावरण संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिइने छ ।

(ख) वातावरण संरक्षणको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाइने छ ।

(ग) पानीको श्रोतको दिगोपनाको लागि पुराना कुवा, मुहान तथा पोखरीहरुको मर्मत सम्भार एंव संरक्षणका साथै पुर्नभरण पोखरी (Recharge Pond) बनाउने कार्यलाई जोड दिइने छ ।

**३.फोहोरमैला व्यवस्थापन**

(क) फोहोरमैला व्यवस्थापनका लागि आमा समूह, युवा क्लब,नागरिक आरोग्य समूह सँगको सहकार्यमा, फोहोरलाई कुहिने र नकुहिने गरी वर्गीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

(ख) नकुहिने र पुनःप्रयोग गर्न सकिने फोहरलाई निजी क्षेत्रको सहयोगमा व्यवस्थापन गरिने छ ।

(ग) बजार उन्मुख सम्भाव्य क्षेत्रहरुमा नाला तथा ढल निकासको व्यवस्थापन गर्न प्रयत्न गरिने छ ।

**४.विपद् व्यवस्थापन**

(क) विभिन्न दैवी प्रकोप, आगलागी, बाढी पहिरो, जस्ता विपद्हरुमा परेकोहरुका लागि तत्काल आवश्यक सहयोगका लागि उद्दार तथा राहत उपलब्ध गराउने नीति लिइने छ ।

**८) सामाजिक क्षेत्र**

**१.शिक्षा**

(क) आधारभूत बालविकास केन्द्र तथा लक्षित समूहका बालबालिकाहरुको पहुँच बढाउन विभिन्न प्रोत्साहनका कार्यक्रमहरु ल्याउने नीति अपनाइने छ ।

(ख) हंसपुर नगरपालिकामा सञ्चालित विद्यालय सुधार कार्यक्रमलाई निरन्तरता दिइने छ ।

(ग) सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा जोड दिइने छ ।

(घ) नगरपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरु मध्ये कम्तीमा २ विद्यालयलाई प्राविधिक र १ विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिने छ ।

(ङ) विद्यालय पहुँच भन्दा बाहिर रहेका, बीचैमा कक्षा छाड्ने बालबालिकालाई विद्यालय भित्र्याउन आवश्यक पहल गर्ने नीति लिइने छ ।

(च) नगरपालिका क्षेत्रमा बहुप्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिने छ ।

(छ) शैक्षिक गुणस्तर अभिबृद्धि गर्न सिकाई उपलब्धी मूल्याङ्कन परीक्षा प्रणालीमा एकरुपता कायम गरिने छ ।

(ज) नगरपालिका स्तरमा अनौपचारिक शिक्षा प्रवर्धन गर्न सार्वजनिक पुस्तकालय स्थापना गर्न पहल गरिने छ ।

(झ) शिक्षक कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

(ञ) विद्यार्थी संख्या र भौगोलिक दुरीका आधारमा विद्यालय तथा शिक्षक दरबन्दी मिलान गर्ने र नगर शिक्षा योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।

(ट) बिपन्न जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा हाँसिल गर्न आवश्यक सहयोग गरिने छ ।

(ठ) उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्र.अ.एवं शिक्षकहरुलाई पुरस्कृत/सम्मानित गर्ने कार्यको थालनी गरिने छ ।

**युवा तथा खेलकुद**

(ड) सामाजिक, आर्थिक, उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगारी र सामाजिक कार्यका लागि अवसर प्रदान गरिनेछ ।

(ढ) नगर प्रमुख खेलकुद प्रतियोगिता तथा रचनात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(ण)युवा लक्षित कार्यक्रम र युवा रोजगारीलाई विशेष ग्राहयता दिइ विभिन्न क्षेत्रमा कम्तीमा १,००० जनालाई लक्षित गरि युवा स्वारोजगार कार्यक्रम बनाइ अगाडि बढाइनेछ ।

(त) विदेश पलायन हुने युवा सोचलाई निरुत्साहित गरी नमूनाको रुपमा युवा व्यवसायिक कृषक उत्पादन गरी कृषि क्षेत्रका विभिन्न व्यवसाय गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

(थ)प्रत्येक वडामा सुविधा सम्पन्न कभर्ड र हरियाली युक्त खेलमैदान निर्माण गरिने छ ।

(द) यूवाहरूलाई दुर्व्यसनवाट मूक्त राख्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

**२.स्वास्थ्य**

(क) जन स्वास्थ्यसँग सम्वन्धित प्रवर्दनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक तथा रोधात्मक स्वास्थ्य सेवाहरु प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त अनुसार सञ्चालन गरिनेछ । सञ्चालनमा रहेको अत्यावश्यक स्वास्थ्य सेवालाई विस्तार गरिनेछ ।

(ख) आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि नगरपालिकामा निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(ग) महिला स्वास्थ्य(प्रजनन् स्वास्थ्य) र बाल स्वास्थ्य—खोप, पोषणमा थप जोड दिइने छ ।

(घ) नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुलाई मापदण्ड अनुसार सुदृढीकरण गरिनेछ ।

(ङ) स्वस्थ घर, स्वस्थ नगर तथा समृद्ध नगरपालिका बनाउन प्रयत्न गरिनेछ ।

(च) स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता बृद्धि गर्न पुनर्ताजगी तालिम तथा प्रोत्साहन भत्ताको व्यवस्थापन गरिनेछ ।

(छ) ६० वर्ष उमेर पुरा भएका तथा अन्य कारणले सेवा प्रवाह गर्न कठिन महिला सामुदायीक स्वास्थ्य स्वयमसेवीकाहरु लाई ससम्मान बिदाई गरिनेछ ।

(ज) गर्भवती महिलालाई स्वास्थ्य संस्थामा गर्भजाँच गराउन प्रोत्साहन गरिनेछ तथा घर दैलो गर्भवति प्रसूति जाँच गर्न विभिन्न सरकारी तथा गैरसरकारी वा निजी संस्थाको समन्वयमा कार्यक्रम संचालन गरिने छ ।

(झ) सुगर, ब्लड प्रेसर, दम, लगायत दीर्घ रोग नसर्ने रोगका बिरामीलाई लक्षित गरी नगरपालिकाले प्रदेश सरकारको समन्वय दीर्घ रोग न्यूनीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

(ञ) पूर्ण संस्थागत सुत्केरी No Home Delivery नगरपालिका बनाउने नीति लिइनेछ । यसका लागि स्वास्थ्य संस्थाहरुमा बर्थिङ सेन्टर स्थापना गरी घरमै सुत्केरी हुने प्रचलनलाई अन्त्य गर्दै संस्थागत सुत्केरी हुने व्यवस्था मिलाइने छ ।

(ट) स्वास्थ्य संस्थामा प्रसूति भै संघीय सरकारबाट पाइरहेको सेवा सुविधामा सत प्रतिसत थप गरी नगरपालिकाद्धारा प्रसूति भत्ता प्रदान गरिने नीति लिएको छु । यसबाट स्वास्थ्य संस्थामा प्रसूति गराउने संख्यामा बृद्धि हुने अपेक्षा गरिएको छ ।

(ठ) प्रदेश सरकार र हंसपुर नगरपालिकाको सहकार्यमा स्थापना भएको पालिका स्तरीय जनस्वास्थ्य प्रयोगशालालाई व्यवस्थित गरी अन्य स्वास्थ्य संस्थाबाट बिरामीलाई सेवा लिन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

(ड) स्वास्थ्य बिमा कार्यक्रमको लागी जनचेतना कार्यक्रम संचालन गरिने छ ।

(ढ) यस नगरपालिकामा अन्तर्गत बघचौडामा निर्माण भई रहेको १० शैया अधारभूत अस्पताल निर्माण प्रकृया पूरा गराई यसै आ.ब.मा संचालनमा ल्याइने छ ।

(ण) पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउदै पोषण कार्यक्रमलाई थप प्रभावकारी गराइने छ।

(त) स्वास्थ्य संस्थाको भौतिक तथा गुणस्तर विकासको लागि आवश्यक पहल गरिनेछ।

(थ) विभिन्न लक्षित समूहलाई समेटिने गरी स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

## आयुर्वेद

(क) सोनिगामा आयुर्वेद औषधालयमा शारीरिक व्यायाम, योगाभ्यास, पञ्चकर्म लगायतका जन स्वास्थ्य सेवाको प्रवर्धन गर्न भौतिक पूर्वाधार निर्माण गरिने छ ।

(ख) निःशुल्क रुपमा दिदै आएको आयुर्वेद विशेषज्ञ सेवालाई थप व्यवस्थित गरी निरन्तरता दिइने छ ।

(ग) स्वस्थ समाज,समृद्ध नगरपालिका निर्माण गर्न **“मेरो स्वास्थ्य मेरो जिम्मेवारी”** को नारालाई साकार गर्न टोल टोलमा नागरिक आरोग्य कार्यक्रम मार्फत नियमित योगाभ्यास,सरफाई, वृक्षारोपण,जनचेतनामूलक क्रियाकलाप संचालन गर्न गठन गरिएको समूहलाई व्यवस्थित गरि थप नागरिक आरोग्य समूह गठन गरिदै लगीने छ । साथै नागरिक आरोग्य सेवा केन्द्रलाई व्यवस्थित गरी सेवा प्रवाह र घरदैलो स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिने छ ।

(घ) जीवनशैली परिर्वतन गर्न स्वस्थ्य जीवनका लागि आहार,विहार र विचार परिर्वन गरी **एक घर पाँच योग र पाँच जडीबूटी** अभियानलाई निरन्तर्ता दिइने छ ।

**३.खानेपानी तथा सरसफाई**

(क) खानेपानी सुविधा नपुगेका ठाउँमा खानेपानीमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइने छ ।

(ख) सार्वजनिक शौचालयको स्थापना गरिने छ ।

(ग) सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा सञ्चालन गरिनेछ । नगरपालिकाको सरसफाई कार्यलाई तीव्रता र निरन्तरता दिइने छ ।

(घ) सुधारिएका खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न नगरपालिका स्तरमा खानेपानी, सरसफाई स्वच्छता(वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

(ङ) खानेपानी सरसफाई स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**४.महिला, बालबालिका तथा जनजाति,बिपन्न वर्ग**

(क) एकल तथा असहाय महिला लक्षित प्रत्यक्ष आय आर्जन गर्न सकिने कार्यक्रमहरु लागु गरिनेछ ।

(ख) महिलाहरुको क्षमता अभिबृद्धि र आयमा बृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) लैंगिक हिंसा तथा महिलालाई गरिने दुर्व्याहवार रोक्न शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

(घ) छुवाछुत तथा जातीय भेदभाव विरुद्धको जनचेतना अभियान संचालन गरिनेछ ।

(ङ)बिपन्न दलित समूदायका नागरिकको मृत्यु भएमा दाह संस्कारका लागि रु ५१०० आर्थिक सहयोग प्रदान गरिने छ। यसलाई मितब्ययी बनाउन कार्यविधि बनाई कार्यन्वयन गरिने छ ।

**५.बालबालिका**

(क) बालबालिकालाई सबै किसिमका दुर्व्याहवार, यातना, अपहरण र भेदभावमुक्त बनाउन आवश्यक पहल गरिनेछ ।

(ख) बालमैत्री स्थानीय तह निमार्ण गर्न आवश्यक पहल गरिनेछ ।

(ग) सार्वजनिक विद्यालयमा अध्यनरत विपन्न बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धी विशेष लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

(घ) बालश्रम न्यूनिकरणको नीति लिइनेछ ।

**६.फरक क्षमता भएका व्यक्ति**

(क) विश्वव्यापी मापदण्ड अनुरुप सडक, यातायात, सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल र विद्यालयहरुभित्र क्षमता मैत्री बनाइनेछ ।

(ख) सामाजिक आर्थिक पूर्वाधारहरुको विकास गरी भिन्न क्षमता भएका व्यक्तिहरुको लागि स्वतन्त्र, स्वावलम्बी र मर्यादित जीवनयापन अवसरहरुको सिर्जना गरिनेछ ।

(ग)फरक क्षमता भएका व्यक्तिहरुको सशक्तिकरणका लागि विभिन्न संस्थाहरु तथा सरकारी एवं राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु बीच अन्तरसम्बन्ध, सहकार्य, सहयोग र समन्वयलाई सुदृढ बनाइने नीति लिइनेछ ।

**८. ज्येष्ठ नागरिक**

(क) ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका ज्येष्ठ नागरिक भत्ता लगायतका आर्थिक सामाजिक र स्वास्थ्य सुरक्षाका कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गरिनेछ ।

(ख) ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरिने छ । साथै जेष्ठ नागरिकहरुलाई सम्मानका लागि न्यानो लुगा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## भौतिक पूर्वाधार क्षेत्र

(क) नगरपिलका अन्तर्गतका सडकहरूको मापदण्ड कायम गर्न ,स्तरउन्नति तथा व्यवस्थित गर्न सडक गुरू याजना बनाईने छ ।

(ख) नगरपालिका केन्द्र देखि सबै वडा कार्यालय जोड्न सडकहरुलाई स्तरउन्नति तथा कालोपत्रे गर्न प्राथमिकता दिईने छ ।

(ग) नगरपलिका अन्तर्गतका सडकहरूको स्तरउन्नति मापदण्ड कायम गर्न स्तरउन्नति समुदायबाट पहिचान गरिएका भौतिक पूर्वाधारका क्षेत्रहरुको निर्माणमा जोड दिइने छ ।

(घ) पूर्वाधारको विकास एवं निर्माण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि पारिएका वर्ग,समुदाय,जाति र क्षेत्र लाभान्वित हुने गरी सन्तुलन कायम गरिनेछ । सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने हरेक खालका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रवर्धनमा विशेष जोड दिइने छ । सार्वजनिक सडकको दायाँ बायाँ बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरिने छ ।

(ङ) नगरपालिकाभित्र एउटा नमूना सडक निर्माण गर्न आवश्यक रकम विनियोजन गरिने छ ।

(च) नगरपालिकाभित्र निर्माण हुने घरहरुको नक्सा पास गरी भूकम्प प्रतिरोधि बनाउने नीति लिइने छ ।

(छ) नगरपालिकाभित्र लागत सहभागिताका योजनाहरु संचालनमा प्राथमिकता दिइने छ ।

**१. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण**

(क) यस नगरपालिकाको वस्ती विकास,शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड निर्माण गरिने छ ।

(ख) भूकम्प प्रतिरोधी भवन निर्माण आचार संहितालाई प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ । सरकारी भवनहरु निर्माण गर्दा बाल तथा अपाङ्ग मैत्री भएमा मात्र नक्सा पास गर्ने नीति लिइनेछ ।

**२.उर्जा र वैकल्पिक उर्जा**

(क) बैकल्पीक तथा नविकरणीय उर्जा प्रवर्धनमा जोड दिईने छ ।

(ख) विभिन्न संघ संस्थाहरूका सहकार्यमा सामुदायिक विद्यालय ,स्वास्थ्य संस्था लगायत अन्य सार्वजनिक स्थलमा सौर्य उर्जाको संयन्त्र जडान गर्न प्रोत्साहित गरिने छ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**१. क्षमता विकास**

(क) पालिकाको संगठनात्मक संरचनालाई पुनरावलोकन गरी आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ । साथै वडा कार्यालयको भवन नरहेको वडामा भवन निर्माण गरिने छ ।

(ख) यूवा क्लव र आमा समूह,नागरिक आरोग्य समूहहरुको क्षमता विकास गर्दै उद्यमशील कार्यक्रमहरु अबलम्वन गर्न प्रेरित गरिनेछ ।

(ग) उपभोक्ता समितिलाई क्षमता विकासको निम्ति आवश्यक तालिम उपलब्ध गराइने छ ।

(घ) समयमै राम्रो र गुणस्तरीय काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

(ङ) शाखागत दक्षता बढाउन क्षमता विकास योजना लागु गरिने छ ।

**२. सार्वजनिक जग्गा संरक्षण**

(क) नगर क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिने छ ।

(ख) ऐलानी/पर्ती जग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइनेछ र उक्त जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्ने योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ । साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिनेछ । सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई नगरपालिकाको दायरामा ल्याइने नीति लिइने छ ।

**३. सूचना प्रविधि तथा सञ्चार**

(क) नगरपालिकामा प्रविधि पार्क एवं सूचना केन्द्रको स्थापना गरिने छ ।

(ख) नगरपालिकाको सबै विषय, क्षेत्र र माध्यमहरुलाई एकीकृत रुपमा सार्वजनिकीकरणका गर्न अनलाईन पोर्टलको निमार्ण गरी प्रयोगमा ल्याईने छ ।

(ग) नगरपालिकाको वेबसाइटलाई पूर्णरुपमा अद्यावधिक गरी नगरपालिकाबासीले गुनासो गर्न सक्ने र नगरपालिकाका गतिविधिहरुका बारेमा घर बसी जानकार हुने व्यवस्था मिलाइने छ ।

**४.राजस्व सम्बन्धी नीति**

(क) एकीकृत सम्पत्ति कर र व्यवसाय कर यसै आ.व.को शुरुदेखि लागु गरिने छ । करबाट संकलित रकम सम्बन्धित वडाकै विकास निर्माणमा खर्च गर्ने नीति लिइने छ ।

(ख) आन्तरिक आयका नयाँ र स्थायी श्रोतहरुको खोजी गरिने नीति लिइनेछ ।

**५. पेश्की/बेरुजु फछ्यौट सम्बन्धी नीति**

(क) हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइने छ ।

(ख) पुरानो पेश्की, बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्ब पेश्की फर्छ्यौट गराउन आवश्यक पहल गरिने छ ।

**६.लेखापालन तथा लेखा व्यवस्थापन सम्बन्धी नीति**

(क) लेखा व्यवस्थापन तथा लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ ।

(ख) सार्वजनिक खर्चको मितव्ययीतालाई विशेष ग्राहयता दिइने छ ।

(ग) नगरपालिकाको आय व्ययलाई चौमासिक रुपमा सूचना पाटी तथा वेबसाईट मार्फत सार्वजनिक गरिने छ।

**७. भ्रष्टाचार निवारण कार्ययोजना**

(क) नगरपालिकाको कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन आवश्यक पहल गरिने छ।तथा भ्रष्टाचार न्यूनिकरण गर्न सम्बन्धित निकायको समन्वयमा सरोकारवालासँग छलफल र अन्तरक्रिया कार्यक्रम संचालन गराउन कार्यक्रम ल्याइने छ ।

(ख) सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदनुकुलको व्यवहार गर्दै लगिनेछ ।

(ग) नगरपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुलाई देशकै उत्कृष्ट नमूना कार्यालय र अनुकरणीय नगरपालिका बनाउन चालु आ.व. देखि नै आवश्यक कार्यको थालनी गरिने छ ।

(घ) कार्यालयको उजुरीपेटीका मार्फत उजुरी गुनासाहरुलाई महिनामा एक पटक फर्छ्यौट गर्दै जाने नीति लिइने छ ।

(ङ) नगरपालिका कार्यालय तथा वडाहरुको संस्थामा सबै नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी नागरिक बडापत्र जारी गरिएको छ तथा यसलाई अझ व्यवस्थित गरिने छ ।

(च) नगरपालिका कार्यपालिकाको कार्यालयको तर्फबाट नगरपालिकाकाभित्रको बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइने छ ।

(छ) गुनासो सुनुवाई कर्यिबिधि प्रभावकारी रुपले लागु गरिने छ ।

**८. कर्मचारी प्रशासन**

(क) कर्मचारीको मनोबल उच्च पार्ने नीति लिइने छ । कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई मापदण्ड तोकी उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

(ख) कर्मचारीलाई सेवा प्रति लगनशील र कर्तव्यनिष्ठ बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइने छ ।

(ग) सेवा प्रवाहमा जवाफदेहिता, पारदर्शिता सुशासन कायम गरिने छ । यसका लागि रेडियो, पत्रिका, अनलाईन र मोवाइल एप्स मार्फत सूचना प्रवाहमा जोड दिइनेछ ,नियमित सार्वजनिक सुनुवाईको व्यबस्था गरिने छ ।

(घ) मुस्कान सहितको सेवा प्रणाली लागु गरिने छ । गुनासो सुनुवाई गर्न वडा कार्यालयहरुमा समेत गुनासो संयन्त्र निर्माण गरिने छ ।

(ङ) स्थानीय तहका कर्मचारीहरुले अवकाशपछि प्राप्त गर्ने सुविधाको व्यवस्थापनका लागि कर्मचारी अवकास कोषमा बृद्धि गरिने छ ।

(च) कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, रिफ्रेसमेन्ट, भ्रमण तथा उच्च अध्ययनको व्यवस्था गर्ने नीति लिइनेछ ।

**९.न्यायिक कार्य सम्बन्धी व्यवस्था**

(क) विवाद निरुपणको कार्यलाई व्यवस्थित, न्यायोचित, गैरविभेदकारी बनाउने प्रयास गरिनेछ ।

(ख) न्यायिक समितिद्धारा विवादसँग सम्बन्धित पक्षहरुलाई झिकाउने र न्यायिक प्रक्रियाहरुलाई यथाशीघ्र छिटो सम्पादन गराउने तर्फ ध्यान दिइने छ ।

(ग) नगरपालिकाले न्याय निरुपण गर्ने विषयहरुको जानकारी गर्न प्रत्येक वडामा मेलमिलाप कर्तालाई न्यायिक अभिमूखिकरण कार्यक्रम संचालन गरिने छ ।

(घ) न्यायिक समिति मार्फत विवादहरुको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरु संचालन गरी छिटो छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै असहायलाई निःशुल्क न्याय प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रमः**

(क) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगारहरुलाई यस नगरपालिकाको आर्थिक, सामाजिक र पूर्वाधार विकाससँग जोडी रोजगार श्रृजना गर्न नीति लिइने छ ।

(ख) बेरोजगार व्यक्तिहरुको सीप, अनुभव, योग्यता, क्षमता र दक्षताका आधारमा बर्गीकरण गरी आन्तरिक रोजगारी सृजना गर्ने योजना र कार्यक्रम तय गरिने छ ।

(ग) बेरोजगार व्यक्तिहरुको सूचि जुनसुकै समयमा पनि हेर्न मिल्ने गरी अभिलेखिकरण गरिने छ। न्यूनतम रोजगारी पाउने व्यक्तिहरुको छुट्टै लगत तयार गरिने छ ।

(घ) नगरपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई श्रमिकको रुपमा परिचालन गर्ने आवश्यक व्यवस्था गरिने छ ।

(ङ) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमुलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिने छ ।

**आदरणीय महानुभावहरु**

जनता विकासको व्यग्र प्रतिक्षामा छन । सीमित श्रोत साधनको कुशल परिचालन विना जनताका अपेक्षाहरु छोटा समयमै सम्बोधन गर्नु निकै जटिल चुनौतिको रुपमा रहेको छ । एकातिर संघीयता संस्थागत भइसकेको छैन भने अर्कातिर कर्मचारी समायोजन भएता पनि हाल सम्म दरबन्दी अनुसारको कर्मचारी नरहेकोले समयमा कतिपय कार्यहरु गर्न नसकेको अवस्था छ । यसका वावजुद हंसपुर नगरपालिकाको नीति तथा कार्यक्रमको मेरो कार्यकालको दोस्रो वर्ष प्रवेश गर्दा धेरै अनुभव हासिल भएका छन । यिनै अनुभवहरुका सकारात्मक पक्षहरुलाई व्यवहारमा लागु गर्दै **समृद्ध र समुन्नत** हंसपुर नगरपालिका निर्माणका लागि हामीले सुशासन सहितको तिव्र आर्थिक बृद्धि र दिगो विकास प्राप्त गर्नु पर्ने हुन्छ । यसरी सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा दिगो विकास का माध्यमवाट आम जनतालाई प्रत्यक्ष परिवर्तनको अनुभूति गराउन सकेमा मात्र संघीय शासन व्यवस्था संस्थागत भई लोकतन्त्र सुदृढ हुन सक्छ । हंसपुर नगरपालिकाको विकासका लागि अंगिकार गरिएका यी नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा आम हंसपुर नगरपालिकाका निर्वाचित जनप्रतिनिधिज्यूहरु जनसमुदाय, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल तथा राष्ट्रसेवक कर्मचारी

संयन्त्र सबै निःस्वार्थ ढंगले लागि परौं भन्ने यसै नगरसभा मार्फत आम हंसपुर नगरपालिका बासीमा मेरो हार्दिक अपील गर्दै बिदा हुन्छु ।

आदरणीय सभा सदस्य ज्यूहरु
पार्टी प्रतिनिधि ज्यूहरु
कर्मचारी एवं पत्रकार ज्यूहरु
चालु आ.व. २०८०।०८१ को बजेट यस नगरपालिकाका जनताको प्रतिनिधिमूलक तथा गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशीको अनुभूति भएको छ ।

१. यस घडीमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष र पटक-पटकको मधेश आन्दोलनको गौरवपूर्ण इतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा शहीद हुनु भएका तथा वेपत्ता भएका सवैप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । एवम् शहीदका परिवारजन र विभिन्न आन्दोलन र मधेश आन्देलनको क्रममा अंगभंग भई कठिन जीवनयापन गरिरहनु भएका नगरवासीहरूमा भाव पूर्व श्रद्धापूर्वक नमन गर्दै वहाँहरुको त्याग र बलिदानप्रति कृतज्ञता व्यक्त गर्दछु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्न नेपाली जनताको त्याग र वलिदानबाट हालसम्म प्राप्त भएका राजनैतिक उपलब्धिहरुको रक्षा गर्दै विद्यमान गरिबी पछ्यौटेपन, सामाजिक अन्धविश्वास र विभेदको अन्त्य गरी यस हँसपुर नगरपालिकालाई समृद्ध बनाउने जिम्मेवारी हामीमा आएको छ ।

४. जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न यो सरकार आवश्यक संस्थागत र व्यवस्थापकीय प्रबन्ध मिलाउदै अघि बढिसकेको व्यहोरा यस अवसरमा अवगत गराउन चाहन्छु ।

५. नेपाल सरकार तथा प्रदेश सरकारको आ.व. २०८०/०८१ को बजेट वक्तव्य मार्फत घोषित योजना तथा कार्यक्रमहरु सम्पन्न गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सफलता

मिलोस भन्ने शुभकामना व्यक्त गर्दै यस हँसपुर नगरपालिकाले पूर्ण रुपमा सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

६. यस चालु आ. व. को वजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नगरपालिकाको नीति तथा कार्यक्रम नगर सभाको माननीय सदस्यज्यूहरुले दिनुभएको सुझावहरु, पूर्व वजेट छलफलका क्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरु तथा आ. व. को तोकिएका उल्लेखित महत्वपूर्ण कार्यक्रमहरुलाई यो वजेट तर्जुमाको मार्ग दर्शनको रुपमा लिएको छु ।

**आदरणीय सभा सदस्य महोदय,**

**अब म स्थानीय सरकारका चुनौतीहरु प्रस्तुत गर्न चाहन्छु ।**

७. यो सरकारका सामु मुख्य रुपमा देहायका बाधा, अवरोध र चुनौतीहरु देखिएका छन् । जनतामा राजनैतिक परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक सामाजिक रुपले रुपान्तरण गर्ने कार्य सबै भन्दा ठूलो चुनौतीको रुपमा रहेको छ ।

स्थानीय शासन व्यवस्था संचालनका लागि आवश्यक प्रशासनिक संरचनाहरु तयार भई नसकेको र दक्ष जनशक्तिको कमी रहेकोले उपलब्ध श्रोत साधनको कुशल विनियोजन गरी विकास आयोजनाहरुको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।

सरकार प्रतिको जनविश्वासलाई मजवुत वनाई प्राप्त संघीय लोकतान्त्रिक शासन प्रणालीलाई थप संस्थागत र दिगो बनाउदै लैजानु पर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ ।

**बजेटका उद्देश्य**

८. यो बजेटका उद्देश्यहरु यस प्रकार छन् :-

- जनताका बीचमा सरकारको बलियो उपस्थिति देखाउने ।
- स्थानीय शासन व्यवस्था संचालनका सम्पूर्ण पूर्वाधारहरु तयार गरी जनताका सुशासनको प्रत्याभूति दिने ।
- नागरिकको आयस्तरमा सुधार गरी गरिबी न्युनीकरण गर्ने ।
- स्थानीय आर्थिक एवं सामाजिक रुपान्तरणका आधारशिला तयार गर्दै जाने ।

**बजेटका प्राथमिकता**

९. यस चालु आ. व. को बजेटका प्राथमिकता देहाय अनुसार रहेका छन :-

- शिक्षा
- स्वास्थ्य
- कृषि
- भौतिक पूर्वाधार
- सुशासन
- नीतिगत कानुनी एवं संरचनागत प्रवन्ध
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन र पारदर्शिता
- बालबालिकाको हकहितको संरक्षण एवं महिला सशक्तिकरण तथा क्षमता विकास
- उद्यमशीलताको विकास र रोजगारी सृजना
- स्थानीय मौलिक्ता ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रवर्धन
- सरसफाई एवं वातावरणीय स्वच्छता अभिवृद्धि
- संघ र प्रदेश सरकारसँग सौहार्दपूर्ण सम्वन्धको विकास तथा सहकार्य ।

१०. संविधान बमोजिम यस स्थानीय सरकारले संघ र प्रदेश तह बीचको सम्वन्धलाई अघि बढाउने छ ।

**आदरणीय सभा सदस्य महोदय,**

११ बजेटमा प्रस्तुत भएका कार्यक्रमहरुको समयवद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको अन्त्यसम्ममा कार्यान्वयन गरिनेछ । कार्यक्रमको कार्यान्वयनका लागि हरेक क्षेत्रका आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरुको तर्जुमा र परिपालनाको माध्यमबाट खर्चमा हुन सक्ने अनियमितता रोकिनेछ ।

१२. प्रतिनिधि एंव कर्मचारीहरुको क्षमता विकास तथा नियमित अनुगमनको माध्यमबाट बजेट कार्यान्वयनलाई सहज बनाइनेछ ।

१३. यस चालु आ.व. २०८०।८१ मा विनियोजित बजेट मध्ये पुँजिगत र चालु गरी कुल ९० प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

१४. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापन योजना प्रस्तुत गर्दछु ।

१५. यस चालु आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु ४८ करोड ८२ लाख ४० हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये रु.१६ करोड ५५ लाख ६८ हजार अर्थात ३३.९९ प्रतिशत पूंजिगत र रू. ३२ करोड २६ लाख ७२ हजार अर्थात ६६.०१ प्रतिशत चालु खर्चमा विनियोजन गरेको छु ।

१६. अब म गत आर्थिक वर्षको यथार्थ आय व्यय विवरण तथा यस चालु आ व २०७९।८० को हालसम्मको आय व्ययको संशोधित अनुमान पेश गर्न चाहन्छु ।गत आ व २०७८।७९ को वास्तविक आय रु ६३ करोड ३२ लाख २० हजार तथा वास्तविक व्यय रु. ४० करोड ४३ लाख ७५ हजार रहेको छ भने हाल चालु आ व २०७९।८०को हालसम्मको संशोधित आय ५७ करोड ९७ लाख ९१ हजार तथा व्यय रु. ४३ करोड २६ हजार रहेको छ ।

१७. यस चालु आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये राजश्व बाँडफाँडबाट रू. ९ करोड ५२ लाख ७२ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू.११ करोड ५४ लाख र संघीय सरकारबाट हस्तान्तरित

विभिन्न कार्यक्रम लागि सशर्त अनुदानबाट रू. २४ करोड ४ लाख , प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान रु. ८४ लाख ६८ हजार प्रदेश सरकार शसर्त अनुदानबाट रू. ६० लाख , प्रदेश विशेष अनुदानबाट रु. ३० लाख , प्रदेश समपुरक अनुदानबाट रु. २० लाख तथा नगरपालिकाको राजश्वबाट अनुमानित २५ लाख गरी संतुलित बजेट अनुमान गरेको छु ।

१८. यस चालु आ.ब. मा शिक्षा क्षेत्रलाई प्राथमिकता दिई शिक्षा तर्फ रु. १ करोड विनियोजन गरेको छु।वातावरण तथा विपद् व्यवस्थापनमा रु. ४५ लाख स्वास्थ्य तर्फ रु. ७५ लाख तथा कृषि तर्फ रु. ७५ लाख र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि रू. ९ करोड ५२ लाख विनियोजन अनुमान गरेको छु ।

१९. अब म आर्थिक वर्ष २०८०/०८१ को राजश्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२०. नेपालको संविधानले यस पालिकालाई प्रदान गरेको राजश्व परिचालनको अधिकारको कार्यान्वयनको शुरुवात पालिकामा हुँदैछ ।यसका लागि आवश्यक पर्ने कर तथा गैरकर राजश्व सम्बन्धी कानुनहरुको तर्जुमा स्वीकृतिको लागि यस सम्मानित सभा समक्ष पेश गरिएको छ ।

२१. यस पालिकाको राजश्व परिचालन गर्न संस्थागत व्यवस्था गरिने छ ।

२२. स्थानीय तहहरु तथा सरोकारवालासँग समन्वय गरी राजश्वका वर्तमान दरहरु पुनरावलोकन गरिने छ ।

२३. यो बजेट तर्जुमा गर्दा मार्गनिर्देशन प्रदान गर्नुहुने सम्मानित सभाका आदरणीय सभा सदस्यज्यू र नगर सभाका सदस्यज्यूहरुप्रति अभार प्रकट गर्दछु ।

२४. निजीक्षेत्रसँग सम्बन्धित संघ संस्थाहरु, नागरिक समाज, समाजिक संस्था, संचार जगत, विषयविज्ञ, राजनीतिक दलका प्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारी र देश विदेशमा रहनुभएका यस नगरवासी सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२५. अन्तमा यो बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग पाउने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद

**जय जनता जय नगरपालिका**

प्रदिप कुमार यादव

प्रमुख

हंसपुर नगरपलिका,धनुषा

मिति: २०८०/०३/१०